# लेकम गाउँपालिका गाउँ कार्यपालिकाको

# कार्यालय रातामाटा, दार्चुला,

# सुदुरपश्चिम प्रदेश, नेपाल

# लेकम गाउँपालिकाको क्षमता विकास योजना

# (२०८२/०८३-२०८४/०८५)

# अन्तिम प्रतिवेदन २०८१-२०८२

## क्षमता विकास योजना (२०८२/०८३-२०८४-०८५)

प्रकाशकः लेकम गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय रातामाटा दार्चुला

सर्वाधिकारः प्रकाशकमा

प्रकाशन मितिः २०८२

प्राविधिक सहयोगः हुनैनाथ कन्सल्टिङ्ग प्रा.लि. काठमाण्डौं

सम्पर्कका लागिः लेकम गाउँपालिकाको कार्यालय रातामाटा दार्चुला

# विषय सुची

परिच्छेद १ — 5

१.१ पृष्ठभुमिः 5

१.२ क्षमता विकास योजनाको आवश्यकता र औचित्यः 7

१.३ क्षमता विकास योजनाको लक्ष्यः 8

१.४ क्षमता विकास योजनाको उदेश्यः 8

१.५ क्षमता विकास योजनाको महत्वः 8

१.६ क्षमता विकास योजना तर्जुमामा अपनाइएको विधिः 10

परिच्छेद लेकम गाउँपालिका को संक्षिप्त परीचय २ — 11

२.१ गाउँपालिका को परीचयः 11

२.२ गाउँपालिका को ऐतिहासीक चिनारी तथा नामाकरणः 14

२.३ भुउपयोगको अवस्थाः- 15

२.४ गाउँपालिका को जनसंख्या सम्बन्धि विवरणः 16

२.५ गाउँपालिका को भौगोलिक सिमानाः 17

परिच्छेद क्षमता विकास योजना ३ — 17

३.१ क्षमता विकास योजनाको परीचयः 17

३.२ क्षमता विकास कार्यक्रमका उदेश्यहरुः 17

३.३ संघ, प्रदेश र गाउँपालिका को क्षमता विकास योजनाहरुको अन्तरसम्बन्ध 18

३.४ योजना तर्जुमाको चरण र प्रक्रिया 18

३.५क्षमता विकास निर्देशक समिति 19

३.६ वर्तमान क्षमताको लेखाजोखाविश्लेषण / 19

३.७ लेकम गाउँपालिका को संस्थागत क्षमता विकास लेखाजोखा 20

३.८ लेकम गाउँपालिका को वर्तमान सांगठनिक अवस्था 22

३.९ संगठन स्वरुप 22

३.१० जनशक्ति विवरण 23

३.११ मानव संसाधन  पुर्वाधार संसाधनको क्षमता विकास लेखाजोखा ........ 29

३.१२  गाउँपालिका का क्षमता विकासका रणनीतिहरु ........ 50

परिच्छेद गाउँपालिकाको क्षमता विकास योजना ४ — ........ 51

४.१. क्षमता विकास योजनाको समष्टिगत सोच, लक्ष्य, उदेश्य र रणनीतिहरु ........ 51

४.२. गाउँपालिकाको संस्थागत क्षमता विकास योजना ........ 53

परिच्छेद निचोड अनुगमन तथा मुल्याङ्कन व्यवस्था ५ — ........ 59

५.१ निचोड ........ 59

५.२ अनुगमन ........ 59

५.३ अनुगमन तथा मुल्याङ्कन ........ 60

परिच्छेद लेकम  गाउँपालिकाका सबल र कमजोर पक्षको विश्लेषण ६ — ........ 62

Hunainath Consulting Pvt. Ltd.
Estd: 2079
Kathmandu

लेकम गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
रातामाटा दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

# परिच्छेद – १

## १.१ पृष्ठभुमिः

नेपालको संविधानले राज्यशक्तिको बाडँफाडँ र प्रयोग संघ, प्रदेश र स्थानीय गरी तीन तहको सरकारको संरचनाबाट हुने व्यवस्था गरेको छ। यसका साथै तिनै तहका सरकारका लागी एकल तथा साझा अधिकारहरूको सुची स्पष्ट संग निर्धारण गरेको छ। त्यसै गरी संविधानले तिनै तहका सरकारलाइ शक्ति र स्रोतमाथि नागरिकको पहुँच स्थापित गर्ने दायीत्व प्रदान गरेको छ। समानुपातिक विकास तथा गुणस्तरिय सेवा प्रवाहमा स्थानीयवासीहरुको सहभागिता र स्वामित्व कायम गर्ने जिम्मेवारि स्थानीय सरकारको हो। स्थानीय सरकार अधिकार सम्पन्न सरकार हो। यसको शासन प्रणली अन्तर्गत स्थानीय सुशासन, गुणस्तरीय आधारभूत सेवा प्रवाहमा सबैको सहज र न्यायोचित पहुँच प्रदान गर्नु हो। यसका साथै शिक्षा, स्वास्थ्य, स्थानीय पूर्वाधार निर्माण, लक्षित वर्ग तथा क्षेत्रको आर्थिक सामाजिक सशक्तीकरण एवम् समावेशीकरण, सामाजिक परिचालन, सहभागितामूलक योजना तर्जुमा, विकास, स्थानीय जीविकोपार्जन एवम् रोजगारी, सामाजिक सुरक्षाआदी जस्ता विषयहरु यसको दायीत्व भित्र पर्दछन। तसर्थ यी दायित्वहरुलाइ पारदर्शी र जवाफदेही ढंगले सम्पादन गरि जनतालाइ गुणस्तरिय सेवा प्रवाह गरि गाउँवासीहरुलाइ नजिकको सरकारको अनूभुति दिलाउनु पनि स्थानीय सरकारको कर्तव्य हो। २०७३ सालमा स्थानीय तहको पुर्नसंरचना पश्चात गठन गरिएका स्थानीय तहहरुलाई प्रदान गर्ने निःशर्त र सशर्त अनुदान रकममा अहिले उल्लेख्य वृद्धि हुदै गएको छ। यसका साथै स्थानीय तहहरुको आन्तरिक श्रोत परिचालनमा समेत क्रमशः बृद्धी हुदै गएको पाईन्छ। स्थानीय तहहरुको आन्तरिक र वाह्य श्रोतको आकार बढदै गएको परिप्रेक्ष्यमा यसको कार्य सम्पादन, सेवा प्रवाह लगायत समग्र क्षमतामा अपेक्षित सुधार गर्न जरुरी भएको छ। वर्तमानमा भएका साधन श्रोतको सहि परिचालन गरि विकासको गतिलाइ अपेक्षित उपलब्धीहरु एवं नतिजा प्राप्त गर्न तिव्र गतिमा लैजानु जरुरी छ। स्थानीय सरकार संचालन ऐन २०७४ ले स्थानीय तहहरुको सुदुढीकरण तथा क्षमता विकास गर्न विशेष कार्यक्रम तर्जुमा गरी लागू गर्न सक्ने व्यवस्था गरेको छ।

देश संघीय संरचनामा प्रवेश गरेसंगै संविधान सभा मार्फत नेपालको ईतिहासमा पहिलो पटक वि.स २०७२ सालमा जारी गरिएको नेपालको संविधानले देशमा तीन तहका सरकारहरुको व्यवस्था गरि राज्यशक्तिको श्रोत नेपाली जनतामा निहित गरेकोछ। नेपालको संविधानले नेपालको मूलसंरचना संघ,प्रदेश र स्थानीय तह गरि तीन तहको हुने र राज्यशक्तिको प्रयोग र उपभोग संविधान र कानून वमोजिम हुने व्यवस्था गरेकोछ। संङ्घीयताको मेरुदण्डका रुपमा रहेको स्थानीय तह(सरकार) जनताको सवै भन्दा नजिकको र सवै भन्दा वढी र सरल पहुंच भएको सरकार हो। यसर्थ यसप्रति नागरिकहरुका आशा अपेक्षा पनि त्यत्तिकै छन। नागरिकहरुको सेवामा सरल र सहज पहुंच स्थापित गर्नुका साथै स्थानीय तहहरु आफैमा सवल र सक्षम हुन जरुरी छ। जसका लागी हरेक स्थानीय तहको संरचनात्मक संस्थागत क्षमता र मानव संसाधनको क्षमता विकास हुन जरुरी छ। क्षमता विकास भन्नाले व्यक्ति वा संस्थामा रहेको कुनै काम गर्न वा नगर्न प्रयोग गरिने प्राधिकारको समुन्नत प्रयोग गर्न सक्ने गरी शक्ति सम्पन्न पार्ने प्रकृयालाई

जनाउछ। कुनैपनि प्रणाली, स्थान, व्यक्ति तथा वस्तुको सुधारिएको अवस्था नै विकास हो भने मानवीय आवश्यकता तथा जीवनको गुणस्तर सुधार्न चालिने कदम पनि विकास हो। त्यसैले, विकास गर्न सक्ने क्षमताको अभिवृद्धि गर्नु नै क्षमता विकास हो। क्षमता विकास योजना भित्र दुरदृष्टि, ध्येय, लक्ष्य, उद्देश्य एवं कार्यनीति पर्दछन्। स्थानीय सरकार संचालन ऐन २०७४ ले स्थानीय तहहरुलाई स्थानीय स्वायत्त शासनको मर्म अनुरुप स्थानीय विकास, सेवा प्रवाह र स्थानीय नेतृत्वको लागि अधिकार र जिम्मेवारीको व्यवस्था गरेको छ। उक्त जिम्मेवारीलाई वहन गर्न विकासलाई समावेशी, सहभागितात्मक र समतामूलक बनाउन स्थानीय तहहरुको क्षमतामा विकास हुनु अनिवार्य छ। रुपान्तरणकारी, दक्ष, सबल र सक्षम स्थानीय तहहरुबाट मात्र स्थानीय क्षेत्रको विकास, प्रभावकारी सेवा प्रवाह र स्थानीय सुशासनमा गुणात्मक परिवर्तन ल्याउन सम्भव छ। स्थानीय विकास तथा सेवा प्रवाह सम्बन्धि नयाँ अवधारणा, सोच, अभ्यासहरु तथा स्थानीय तहहरुको अधिकार तथा जिम्मेवारीमा वढोत्तरी र नीति नियममा समेत आएका युगान्तकारी परिवर्तन र समयको मागलाई सम्बोधन गर्न सक्ने स्थानीय तह बनाउनु पनि आजको माग हो।

स्थानीय तहहरुको क्षमता विकासको लागि संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयवाट नगर/गाउँपालिकाको क्षमता विकास योजना तर्जुमा सम्बन्धी दिग्दर्शन २०७६ जारी गरिएको छ। संस्थागत रुपमा स्थानीय तहहरुबाट क्षमता विकासका क्षेत्रमा आफ्नै प्रयासबाट र विभिन्न साझेदारहरुको सहयोगमा सामान्य प्रयासहरु हुँदै आएका भए पनि खासै प्रभावकारी हुन नसकेको र अपेक्षित उपलब्धी र नतिजा समेत हासिल हुन नसकेको अवस्था रहेको छ। लेकम गाउँपालिका ले विभिन्न क्षेत्रगत ऐन तथा नीतिहरु स्वीकृत गरेको र सो नीतिहरुको कार्यान्वयनका लागि क्षेत्रगत कार्यक्रम तर्जुमा, कार्यान्वयनका लागि मानव संसाधनको व्यवस्था र उनीहरुको क्षमता विकास आवश्यक रहेको छ ।

यसै परिप्रेक्षमा यस गाउँपालिकाले पनि पारदर्शी, जवाफदेही र प्रभावकारी सेवा प्रवाह गर्न आफ्नो संस्थागत क्षमताका साथसाथै जनप्रतिनिधि र कर्मचारीहरुको समयानुकुल क्षमता विकास गरि सेवाप्रति नागरिकहरुको विश्वसनीयता र उच्च सन्तुष्टि स्थापित गर्न लेकम गाउँपालिका रातामाटा, दार्चुला, सुदुरपश्चिम प्रदेशको सहयोग र हुनैनाथ कन्सल्टिङ्ग प्रा.लि. मैतिदेवी काठमाण्डौंको प्राविधिक सहजीकरणमा आगामी तीन वर्षको लागी यो क्षमता विकास योजना निर्माण गरि कार्यान्वयनमा ल्याएकोछ। क्षमता विकास योजनाले प्रस्ताव गरेका क्षमता विकासका कार्यक्रमहरु उपलव्ध श्रोत साधनको परिधि भित्र रहि प्राथमिकताका साथ क्रमिक रुपमा संचालन गर्दै लगिने छन। स्थानीय तहहरुको क्षमता विकासका लागि आपूर्ति तथा मागमा आधारित क्षमता विकासको अवधारणा अबलम्बन गरिएको छ। यसो गर्नुको पछाडि यो पालिकाले भविष्यमा सम्पादन गर्नुपर्ने कार्यहरुलाई समेत आँकलन गर्ने प्रयासलाई समेत दर्शाइएको छ। स्थानीय तहहरूले जनतालाई प्रदान गर्ने सार्वजनिक सेवा तथा सुविधाहरू बढी प्रभावकारी बनाउन गाउँपालिका को क्षमतामा अभिवृद्धि गर्ने कार्यमा आपूर्तिमा आधारित क्षमता विकास कार्यक्रमहरु केन्द्रित रहेका छन् भने मागमा आधारित क्षमता विकासका कार्यक्रमहरू पालिका र सरोकारवालाहरुको आफ्नै विशेषताको आधारमा देखिएका क्षमताको आवश्यकतालाई सम्बोधन गरिएको छ। क्षमता विकास कार्यक्रम मानव संसाधन

विकासको मूल आधार हो। यसै कुरालाइ दृष्टिगत गरी लेकम  गाउँपालिका को ३ वर्षे ( २०८२/८३–२०८४/८५) क्षमता विकास योजना तर्जुमा गरिएको छ ।

## १.२ क्षमता विकास योजनाको आवश्यकता र औचित्यः

संविधान प्रदत्त अधिकारहरुको कार्यान्वयन मार्फत नागरिकहरुका आशा अपेक्षा तथा विकास प्रतिको अतृप्त चाहना परिपूर्ति गर्न हरेक स्थानीय तहको संस्थागत तथा मानव संसाधनको क्षमता विकासका साथसाथै विकासका कार्यक्रमहरुको योजनावद्ध कार्यान्वयन हुन जरुरी छ । उपलव्ध श्रोत साधन तथा संभावनाहरुको समुचित र प्रभावकारी कार्यान्वयन मार्फत विकासको दिगो प्रतिफल नागरिकहरुले महशुस गर्ने गरि प्राप्त गर्न स्थानीय तहहरुले विभिन्न योजना तथा गुरु योजनाहरु निर्माण गरि सोही अनुरुप आफ्ना विकासका गतिविधीहरु संचालन गर्नुपर्ने हुन्छ र गर्दै पनि आईरहेका छन । विगतमा क्षमता विकासका प्रयासहरु भएपनि त्यसको कार्यान्वयनको लागि ठोस रणनीति भएको पाइदैन। सशक्त, स्पष्ट र कार्यमुखी क्षमता विकासको रणनीतिको अभावमा क्षमता विकासका कार्यक्रमहरु विगतमा केन्द्रबाट संचालित भएको हुँदा स्थानीय स्तरमा त्यसप्रति अपनत्व (Ownership) को अभाव देखियो । त्यसैगरी, स्थानीय तहहरुको संस्थागत क्षमता बढ्न गएको अवस्थामा संस्थागत स्व–मूल्यांकन कार्यविधि, २०७७ ले कल्पना गरेको पूर्ण क्षमतालाई अग्रगामी र प्रभावकारी बनाउन सकिन्छ । यसैंको निरन्तरता स्वरुप तयार गरिएको यस क्षमता विकास योजनाको आवश्यकता तथा औचित्य निम्नानुसार रहेको छः

- संविधान र प्रचलित कानूनहरुबाट प्राप्त अधिकार अनुरुप जनउत्तरदायीपूर्ण ढंगबाट कार्य सम्पादन गर्नका लागि  गाउँपालिका को सवल र कमजोर पक्षहरुको पहिचान गर्दै देखिएका अन्तरालहरुको परिपूर्ति मार्फत सेवामा प्रभावकारीता ल्याउन ।
- स्थानीय सरकारलाई प्राप्त अधिकार र जिम्मेवारीहरु दक्षताका साथ सम्पादन गर्न जननिर्वाचित पदाधिकारी तथा राष्ट्रसेवक कर्मचारी, उपभोक्ता समिति लगायत स्थानीय विकासका सरोकारवालाहरुको कार्य दक्षता वृद्धि गर्न तथा नतिजामुखी कार्य प्रकृया अवलम्बन गर्न सहयोग पुर्याउन ।
- प्रभावकारी सेवा प्रवाहका लागि आवश्यक ज्ञान, सीप र विद्यमान क्षमता बीचको अन्तराल पहिचान गरी आवश्यकतामा आधारित क्षमता विकासका कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न ।
- सेवा प्रवाह तथा विकास व्यवस्थापनमा आधुनिक प्रशासनका नवीनतम आयाम, प्रविधि र प्रणालीको प्रयोग र अनुशरण गर्न ।
- मानव संशाधन तथा संस्थागत विकासका क्षेत्रमा देखिएका कमजोर क्षेत्रहरु पहिचान गरी क्षमता विकास कार्यक्रमलाई प्रकृयाका रुपमा संचालन, कार्यान्वयन तथा प्रयोग गर्दै जान र आवधिक नीतिहरु अनुशरण गर्न ।
- क्षमता विकास योजनामा मानव संशाधन, संस्थागत विकास र प्रणाली विकासका क्षेत्रहरु अन्तर्गत गरिनु पर्ने न्यूनतम कार्यहरुको प्राथमिकता अनुसार लगानी सुनिश्चित गर्न्न ।

## १.३ क्षमता विकास योजनाको लक्ष्यः

- गाउँपालिकामा रहेका मानवीय, आर्थिक, सामाजिक, पूंजीगत श्रोत साधनहरुको उच्चतम प्रयोगवाट लेकम वासी जनताको जीवनमा गुणस्तरीय परिवर्तन ल्याउन ।

## १.४ क्षमता विकास योजनाको उदेश्यः

- गाउँपालिकामा कार्यरत कर्मचारी, शाखा तथा विभिन्न समितिहरुको आवश्यकता पहिचान गर्ने ।
- गाउँपालिकाको संस्थागत विकासमा सहयोग पुर्याउने ।
- गाउँपालिकामा कार्यरत कर्मचारीहरु, शाखा तथा विभिन्न समितिहरुको कार्यसम्पादनमा सुधार ल्याउने ।
- गाउँपालिकाले निर्माण तथा कार्यान्वयन गर्ने योजना, आयोजनाहरुमा दीगोपन ल्याउनका लागि सहयोग गर्ने ।
- गाउँपालिका र समुदाय वीचको अन्तर सम्वन्ध सुदृढ गर्न सहयोग गर्ने ।

## १.५ क्षमता विकास योजनाको महत्वः

कुनै पनि संस्था समयानुकुल हुन तथा राम्रो कार्यसम्पादन गर्नका लागि सवै भन्दा पहिला सो संस्थाले संस्थागत विकासलाई आत्मसात गरेको हुनु पर्छ। संस्थाभित्र कुन कुन शाखाहरु छन, शाखामा के कस्ता जनशक्तिहरु छन, संस्थालाई सुदृढ वनाउनका लागि कार्यालयले के कस्ता नीति, नियमहरु वनाएको छ र ती नीतिहरुको सही रुपमा पालना भएको छ कि छैन जस्ता प्रश्नहरुको खोजी गरिनु जरुरी छ। संस्थाभित्र भएका विभिन्न संरचनाहरुको भूमिका स्पष्ट रुपमा व्याख्या गरिएको छ वा छैन। संस्थामा कार्यरत कर्मचारी, पदाधिकारी, समितिका सदस्यहरुले तालिम पाएका छन कि छैन। कार्यालयभित्र तथा वाहिर रहेका एजेन्सीहरुसंगको सम्वन्ध के कस्तो छ भन्ने विषयले पनि संस्थाको कार्यसम्पादन जोडिन्छ। संस्थाको संस्थागत कार्यसम्पादन अभिवृद्धि गर्नका लागि पनि क्षमता विकास योजनाको आवश्यकता भएको हो। सामान्यतया स्थानीय तहलाई एउटा जटिल संस्थाको रुपमा लिने गरिएको छ। समय समयमा परिवर्तन हुने नीति नियम, वहुसरोकारका क्षेत्रहरुको मुद्दाहरुसंग यसको अन्तर्सम्वन्ध, कर्मचारी तथा जनप्रतिनिधिहरुको अनौठो संगमवाट सञ्चालित कार्यालय, स्थानीय तहमा हुने विभिन्न राजनैतिक प्रभाव, स्थानीय तहप्रति धेरै व्यक्ति तथा संस्थाहरुको अन्तर्निहित स्वार्थ, एकल राज्य व्यवस्थावाट गणतन्त्रात्मक व्यवस्थामा भएको पर्दापण आदि कारणले स्थानीय तहलाई जटिल वनाएको छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा नेपालको संविधान २०७२ ले गाउँपालिकालाई २२ वटा एकल अधिकार प्रदान गरेको छ भने १५ वटा साझा अधिकारहरु प्रदान गरेको छ।

यसले एकातर्फ १५ वटा अधिकारहरुका लागि संघ तथा प्रदेशसंग समन्वय, सहकार्य, सहमति गर्नु पर्ने देखिन्छ भने संविधानले प्रदान गरेका २२ वटा एकल अधिकारहरुलाई जनताको जीवनमा साँचो परिवर्तन आउने गरी बहुसरोकारवालाहरुको सहमति र सहकार्य अनुरुप कार्यान्वयनमा ल्याउन जरुरी छ। यसरी विभिन्न संवैधानिक, कानूनी, प्रशासनिक आदि जटिलताहरुसंग जुध्दै आफ्ना दैनिक कार्यहरुलाई प्रभावकारी

रुपमा अघि वढाउन आवश्यक छ। जटिलताहरुको वीच पनि सरलताको खोजी गर्ने कार्यको अर्को नाम हो क्षमता विकास योजना। हरेक संस्थाले आफूलाई आफ्नो सन्दर्भ अनुसार ढाली समयानुकुल परिवर्तन गर्न जरुरी छ। परिवर्तन सजिलो प्रक्रिया होइन। परिवर्तन उकाली चढे जस्तो हो। परिवर्तन समयानुकुल, सामाजिक, आर्थिक, सांस्कृतिक, पर्यावरणीय अवस्था अनुकुल हुनु पर्छ। यी सवै जटिलता, चुनौतिहरुको वीचमा पनि यदि परिवर्तनको स्पष्ट खाका हुन सक्यो भने यसले गाउँपालिका लाई स्पष्ट दिसावोध गर्छ अनि परिवर्तनका लागि उत्प्रेरित गरिरहन्छ। गाउँपालिकाभित्र भएका शाखा, शाखामा कार्यरत कर्मचारी, कर्मचारी कर्मचारी वीचको सहकार्य, असल सम्वन्ध, उनीहरुको कार्यसम्पादन, विषयगत अन्तर सम्बन्धका लागि समन्वय आदि कुराहरुले गाउँपालिका को क्षमतामा असर पार्छ। हेर्दा कर्मचारी वैठक, समीक्षा वैठक केही होइन जस्तो लाग्छ तर यसलाई प्रभावकारी अनि सहभागितात्मक रुपमा प्रयोग गर्न सक्ने हो भने क्षमता विकासको यो एउटा ठूलो औजार वन्न सक्छ । गाउँपालिकाले गर्ने हरेक कामको समय सीमा हुन्छ। समय सीमाभित्र काम सिद्धाउनका लागि हरेक शाखा सुसंगठित हुन जरुरी छ। एउटा युद्धमा जाने सिपाहीले आफूलाई चाहिने सवै उपकरण साथमा लिएर गए जस्तै गाउँपालिकामा काम गर्ने हरेक शाखा, उपशाखाहरुले समयमा कार्ययोजना वनाई काम गर्नु पर्ने हुन्छ। तर सो काम गर्नका लागि उनीहरुलाई उनीहरुको सो कामका लागि चाहिने ज्ञान, सीप, सूचना, उपकरण आदिले वाधा पुर्याएको हुन सक्छ । यसरी समयमा कार्यसम्पादन गर्न वाधा पुर्याउने वाधक तत्वहरु पहिचान गरी त्यसलाई हटाउनका लागि पनि क्षमता विकास योजना चाहिएको हो। गाउँपालिकाले गर्ने सवै कामहरु छोटो प्रकृतिका हुँदैनन।

केही कामहरु दीर्घ प्रकृतिका हुन्छन यस्ता दीर्घ प्रकृतिका कामहरु गर्न गाउँपालिका ले आफ्नो मात्र संस्थागत विकास नगरी समुदायको पनि संस्थागत विकास गर्न जरुरी हुन्छ। भनिन्छ, अरुको विकासमा काम गर्नेहरुले, अरुलाई परिवर्तन गर्नेहरुले पहिला आफूलाई परिवर्तन गर्न जरुरी हुन्छ। आफूले आफैवाट सिक्ने, नजिकका छिमेकी गाउँपालिका वा वडा कार्यालयहरुवाट भएका राम्रा कामहरुवाट सिक्नका लागि हामीमा सिक्ने वानीको जरुरी हुन्छ। क्षमता विकास योजनाले स्वसिकाईको प्रवर्द्धनमा जोड दिन्छ। साथसाथै गाउँपालिकामा भएका विलक्षण प्रतिभा तथा क्षमता भएका कर्मचारीहरुको क्षमतालाई आत्मसात गरी उनीहरुलाई कामका लागि थप उत्प्रेरित गर्नका लागि पनि क्षमता विकास योजनाको आवश्यकता पर्दछ ।

***एक पटक एउटा संस्थाका २ जना निर्णायक तहका कर्मचारीहरु वीच विवाद भएछ । संस्थाका निर्देशकले भनेछनः कर्मचारीको क्षमता विकासमा खर्च गरेर के गर्ने अर्को वर्ष यो संस्था छोडेर गए भने यिनीहरुका लागि लगानी गरेको रकम बेकार जान्छ । उनको प्रश्नको उत्तर दिँदै व्यवस्थापकले भनेछनः यदि क्षमता नभएका, कामका लागि उत्प्रेरित नभएका कर्मचारीहरु सधैं भरि यही संस्थामा वसी रहे भने के होला ? भनेर प्रतिप्रश्न गरेछन ।***

त्यसैले यदि संस्थालाई थप वलियो र जनसेवामैत्री, प्रतिफलमूलक वनाउने हो भने क्षमता विकास योजनाको आवश्यकता छ। अर्को सत्य के हो भने जति गाउँपालिका कर्मचारी तथा जनप्रतिनिधिहरु

यहाँको विकासका लागि सहयोगी वन्न सक्छन त्यति नै उनीहरु वाधक पनि वन्न सक्छन । उनीहरुलाई विकासको वाधक भन्दा पनि सहयोगि, सहजकर्ता वनाएर लान जरुरी छ। उनीहरुलाई सहजकर्ता वनाएर लान सकियो भने यसले स्थानीय स्वामित्व वढाउन पनि सहयोग गर्छ। वास्तवमा कर्मचारीका अतिरिक्त सरोकारवालाहरुको क्षमता विकासमा पनि हामीहरुले जोड दिनु पर्छ। क्षमता विकास भन्ना साथ हामीकहाँ तालिम गोष्ठी मात्र भनेर वुझ्ने चलन छ। क्षमता विकास भनेको एउटा फाँट र अर्को फाँटको वीचमा सुमधुर सम्वन्ध कायम गर्न, अन्तर समन्वय र साझेदारी वढाउनका लागि गरिने कार्य पनि क्षमता विकासमा पर्दछ। कर्मचारी, जनप्रतिनिधि तथा सरोकारवालाहरुको कामका लागि प्रतिवद्धताको तह वढाउनका लागि पनि क्षमता विकास कार्यक्रमको आवश्यकता छ। अर्को हामी सोच्छौं क्षमता विकासका लागि पैसा नै चाहिन्छ भन्ने छैन। गाउँपालिकाभित्र भएका कतिपय समस्याहरु पैसा विना पनि समाधान गर्न सकिन्छ। गाउँपालिकामा कार्यरत शाखा, गाउँपालिका का वडा कार्यालय, जनप्रतिनिधि, सरोकारवालाहरुको कार्यसम्पादन जति वढ्छ उति नै वढी गाउँपालिका को कार्यसम्पादन वढ्छ। क्षमता विकास कार्यक्रमहरुले मानिसहरुलाई कामका लागि उत्प्रेरित गर्छ। जब एउटा काम राम्ररी सम्पादन हुन्छ त्यसको वहुगुणात्मक प्रभाव हुन्छ। अर्थात एउटा राम्रो कामले अरु धेरै राम्रा कामहरुका लागि मार्ग प्रशस्त गर्छ। कार्य सम्पादनलाई विभिन्न तहहरुवाट मूल्याङ्कन गर्न जरुरी छ। कार्यसम्पादनलाई व्यक्तिगत, संस्थागत तथा सामुदायिक विकास आदि तहवाट हेर्न जरुरी छ ।

## १.६ क्षमता विकास योजना तर्जुमामा अपनाइएको विधिः

लेकम गाउँपालिका को क्षमता विकास योजना तर्जुमा आवश्यकता पहिचान, अभिमुखिकरण, तथा समुहगत छलफल र अन्तरक्रियाको आधारमा तयार पारिएको छ। यस लेकम गाउँपालिकामा विगतमा सामान्य क्षमता विकास का कार्यक्रम सन्चालन भएतापनि योजनावद्ध ढंगले क्षमता विकासका लागि कुनै पनि योजना निर्माण भइ कार्यान्वयन नभएको सन्दर्भमा विगतमा सम्पादन गरिएका कार्यक्रमको समीक्षा,यस गाउँपालिका को संस्थागत क्षमता स्वमुल्याङ्नबाट औंल्याइएका आवश्यकता र कार्ययोजना, गाउँपालिका अन्तरगतका विषयगत शाखाबाट क्षमता विकासको लागि गरिएको सर्वेक्षण नै क्षमता विकास योजना निर्माणका आधारहरू हुन्। क्षमता विकासको स्थिति लेखाजोखा तथा सम्भावित क्षमता विकासका क्रियाकलापहरूको पहिचानका आधारमा "क्षमता विकास योजना" तयार पारिएकोछ। यसका अतिरिक्त यो योजना तयार गर्दा देहायका विधिहरु अवलम्वन गरिएको थियो ।

(क) क्षमता विकास योजनासँग सम्बन्धित दस्तावेज, नेपालको संविधान, स्थानीय सरकार सञ्चाल ऐन,संघ तथा प्रदेश सरकारको निति तथा वजेट, गाउँपालिका को वार्षिक प्रगति समिक्षा प्रतिवेदन, गाउँपालिका को संगठनात्मक संरचनाको अध्ययन, गाउँपालिकाको विगत ३ वर्षको नीति, कार्यक्रम तथा बजेट, गाउँपालिका को कर्मचारी दरबंदी तथा पदपूर्तिको अवस्था, गाउँपालिकाको भवन, मेसिन, उपकरण तथा भौतिक स्रोत साधनहरू, गाउँपालिकाले पारित गरेका ऐन, नियम, कार्यविधिहरू आदि को अध्ययन र छलफल गरिएको थियो ।

(ख) प्राप्त दस्तावेज अध्ययन र छलफल पश्चात क्षमता विकास योजनाले समेट्नु पर्ने विषय वस्तु, सूचना र तयार गर्ने प्रकृया बारे गाउँपालिका का निर्वाचित पदाधिकारी, कर्मचारी, सङ्घ, संस्था लगायत सरोकारवाला बिच प्रस्तुतीकरण तथा छलफल कार्यक्रम संचालन गरिएको थियो ।

(ग) गाउँपालिका तथा सम्बन्धित निकायहरुको वर्तमान संस्थागत र मानव संशाधनको क्षमताको लेखाजोखा गर्नको लागि गाउँपालिका को क्षमता विकास योजना तर्जुमा दिग्दर्शनको अनुसूची २, ३, ५, ६, ८ र ९ अनुसारको फारमहरुको प्रयोग गरी आवश्यक सुचना संकलन गरिएको थियो ।

(घ) सुचना संकलन वाट प्राप्त सुचनाहरुको प्रस्तुतीकरण तथा अन्तरक्रियाको क्रममा उठेका जिज्ञासामा छलफल अन्तरकृयाको क्रममा प्राप्त सुझावहरुबारे छलफल गरी क्षमता विकास योजनामा समेट्नु पर्ने विषयवस्तु, सहभागिता र श्रोत साधन बारेमा छलफल गरि योजना लाइ अन्तिम रुप दिने सहमती गरिएको थियो ।

(ङ) सोही अनुरुप अन्त्यमा सुझावहरुलाई समेटी, त्रुटीहरुलाई सच्याउने, छुट भएका विषयवस्तु र क्रियाकलाप समावेश गरी क्षमता विकास योजनालाई अन्तिम दिइएको छ ।

# परिच्छेद — २ लेकम गाउँपालिका को संक्षिप्त परीचय

## २.१ गाउँपालिका को परीचयः

लेकम गाउंपालिका गठन हुनु भन्दा पहिला दार्चुला जिल्लालाई चारवटा क्षेत्र लेकम गर्खा, दूंगर्खा व्याँस गर्खा र मार्मा गर्खामा विभाजन गरिएको थियो।लेकम गर्खाको सिमाना उत्तरमा हालको महाकाली नगरपालिकाको नमस्कार भन्ने ठाउंसम्म, पुर्वमा शैल्यशिखरको बिटुले र देथला भन्दा तल तथा दक्षिणमा चौलानी नदीसम्म रहेको थियो भन्ने इतिहास छ।तत्कालिन लेकम गर्खा भित्र हाल मालिकार्जुन गाउंपालिका, शैल्यशिखर नगरपालिका तथा लेकम गाउँपालिका रहेका छन।लेकम गाउँपालिका तत्कालिन लेकम गर्खाको मुख्य क्षेत्र भएकोले यस गाउंपालिकाको नाम लेकम गाउंपालिका राखिएको छ।

लेकम गाउँपालिका सुदूरपश्चिम प्रदेशको दार्चुला जिल्लाको ९ ओटा स्थानिय तह मध्ये एक हो | २०७३ फागुन २७ गते स्थापना भएको लेकम गाउपलिकाको क्षेत्रफल ८३.९८ वर्ग किलोमिटर रहेको छ । करिब १३७४३ जनसंख्या रहेको यो गाउँपालिका ६ ओटा वडाहरुमा विभाजित छ | साबिकका ४ गाउँ विकास समितिहरु खराकडा,लाली ,रिठाचौपता र सर्मोली मिलेर बनेको यो गाउँपालिका देवाभुमिको नामले प्रचलित छ| महाकाली र चमेलिया नदीसंग सिमाना जोडिएको यो गाउँपालिका अन्तराष्ट्रिय नाकाको सम्भावना रहेको गाउँपालिका हो |

लेकम गाउँपालिकाको सदरमुकाम वडा नं २ को रातामाटामा रहेको छ।रातामाटा गाउँपालिकाको करीब मध्य भागमा पर्दछ। यसैले यहाँवाट गाउँपालिकाका बासिन्दाहरुलाई सेवा सुविधा पुर्याउन पायक पर्ने

देखिन्छ। यहाँ आवतजावतका लागि सडक र भरपर्दो यातायात नभए पनि हाल यहाँ सडक निर्माण कार्य चलिरहेको छ। दार्चुला जिल्लाको गोकुलेश्वर बजार, पनेबाज र बैतडी जिल्लाको सलसेना बाट यस गाउँपालिकाको सदरमुकाम पुग्ने सडकहरु संचालन तथा स्तरोन्नतीको अवस्थामा रहेका छन ।त्यसैगरी यस गाउँपालिकाको केहि भागहरुलाई महाकाली करीडोरले समेत छोएको हुनाले भविष्यमा गाउँपालिका भित्र सडक संजालको अवस्था सुदृढ हुनेमा कुनै दुइ मत नै छैन। यहाँका अधिकास सडकहरुमा बर्षायाममा गाडी नचलेपनि हिउँदका महिनाहरुमा भने आवतजावत गर्न ।लेकम गाउँपालिका प्राकृतिक स्रोत साधनका हिसाबले पनि उच्च सम्भावना बोकेको क्षेत्र हो। यस गाउँपालिकामा क्षेत्रमा पचेश्वर जलविद्युत आयोजनाको प्रभावित क्षेत्र समेत रहेको छ। यस गाउँपालिकाका मुख्य मुख्य व्यापारिक केन्द्रहरु रातामाटा, रिठाचौपाता, सिरोडा, लाली, खरकडा, कुणी, तेलीगाउँ र उचाकोट हुन। यस गाउँपालिकामा पशुपालन, मौरीपालन, जडीबुटी व्यवसाय, तरकारी खेती, माछापालन, कुखुरापालन जस्ता रोजगारीमूलक एवं आयमूलक व्यवसाय लागि प्रशस्त सम्भावनाहरु देखिन्छन्। यहाँ रहेको महाभारत पर्वत श्रृंखला र अन्य उच्च पहाडी भू—भागमा प्रशस्त मात्रामा जडीबुटीहरु पाइन्छन्। त्यसैगरी यहाँ प्रशस्त रुपमा वन जङ्गल र खोरियाहरु भएकोले गाई/भैंसी पालनको संभावना पनि उच्च रहेको छ। यस गाउँपालिकाका केही क्षेत्रहरु तरकारीका लागि अत्यन्त उर्वर भुमी रहेका छन। गाउँपालिकाको प्राय सबै वडाहरुमा चिउरी खेती पनि गरिन्छ। यहाँ चिउरी खेती गरिने धेरैजसो क्षेत्र भएकोले अर्गानिक मह उत्पादनको प्रचूर संभावना रहेको देखिन्छ। हाल यहाँ उत्पादित महलाई औषधीको रुपमा पनि प्रयोगमा आएको देखिन्छ। लेकम एक प्रसिद्ध देवभूमि भएकोले यहाँ धार्मिक तथा पर्यापर्यटनको पनि उच्च संभावना रहेको छ ।वर्तमान अवस्थामा लेकम गाउँपालिका दार्चुला जिल्लाको एक दूर्गम गाउँपालिकाको रुपमा चिनिएता पनि भविष्यमा यहाँ यातायात, पशुपालन, शिक्षा स्वास्थ्य, जलविद्युत, संचार, स—साना उद्योग, र कृषि जस्ता क्षेत्रहरुको विकास भएमा लेकम गाउँपालिका सुदूरपश्चिम प्रदेशको मात्र नभइ देशकै उन्नत एवं समृद्ध क्षेत्र बन्ने निश्चितप्रायः छ ।

यस गाउँपालिकाको अधिकांश भू—भाग अग्ला—अग्ला डाँडाकाँडाले निमिंत छ। हावापानीको हिसावले यस गाउँपालिकाको पहाडी भागहरुमा समसितोष्ण खालको हावापानी पाइन्छ भने पूर्वी भू—भागका वेशी र टारहरुमा उष्ण खालको हावापानी रहेको छ। यस गाउँपालिकामा कृषि उत्पादनका हिसावले सवै खाले कृषिवालीको उत्पादन हुनुका साथै फलफूल र सागपात तरकारीका लागि पनि उत्तिकै उत्पादनमूलक तथा योग्य जमिन रहेको छ। वर्तमान समयमा जनसंख्याको चापले कृषिक्षेत्र आवासमा परिणत भइरहेको अवस्था छ। भौगोलिक वनावट अनुसार यस गाउँपालिकालाई दुई भागमा विभाजन गर्न सकिन्छ।

(क) बेंसी तथा नदी तटीय क्षेत्र

(ख) महाभारत पर्वत श्रेणी

लेकम गाउँपालिकाको कला र संस्कृति यस क्षेत्रको मौलिक पहिचान हो, जसले यहाँका बासिन्दाको जीवनशैली, परम्परा र सामाजिक मूल्यहरूलाई झल्काउँछ। यहाँ विभिन्न जातजातिहरूको बसोबास रहेकोले सांस्कृतिक विविधता पाइन्छ। प्रमुख रूपमा छन्त्याल, क्षेत्री, बाहुन, दमाई, कामी, आदि समुदायका मानिसहरू यहाँ बसोबास गर्दछन्, जसले आ-आफ्ना संस्कार, चाडपर्व, भाषा र परम्परागत कलालाई जगेर्ना गर्दै आएका छन्।

यहाँ मनाइने प्रमुख चाडपर्वहरूमा दसैं, तिहार, माघे संक्रान्ति, गौरा पर्व, होली लगायतका पर्वहरू रहेका छन्। गौरा पर्व विशेषगरी महिला समुदायमा लोकप्रिय छ, जसमा महिलाहरू समूहमा भेला भएर नाचगान गर्दै देवी गौरा र भगवान शिवको पूजा गर्छन्। सांस्कृतिक रूपमा लोकनाच, देउडा, भट्ट गीत, झ्याली, मादल लगायतका परम्परागत बाजागाजाको प्रयोग गरिन्छ। यस्ता सांगीतिक प्रस्तुति विशेष चाडपर्व, विवाह, नामकरण वा अन्य सामाजिक कार्यक्रममा देख्न पाइन्छ। लेकमको कला र संस्कृति पीढीअनुसार हस्तान्तरण हुँदै आएको छ, जसले स्थानीय पहिचानलाई जगेर्ना गर्न मद्दत पुऱ्याएको छ। यिनै सांस्कृतिक सम्पदाहरूले गाउँपालिकालाई अझै आकर्षक र समृद्ध बनाइरहेको छ।

यस गाउँपालिका का बासिन्दाको मूल आय स्रोत कृषि तथा पशुपालन हो भने त्यो संगसंगै बैदेशिक रोजगारी (भारत), र अन्य केहि मात्रामा व्यापार व्यवसाय तथा ज्याला मजदुरीमा आधारित छ। यस गाउँपालिकाका धेरै जसो नागरिक कृषिमा आधारित छन्।यस गाउँपालिका मा मुख्य अन्न बालीको रुपमा (धान, गहुँ, मकै, आदि) लगाउने गर्ने गर्दछन भने दलहन बालीमा (मास, मुसुरो, मूंग आदि) तरकारी बालीमा (आलु, बन्दा, काउँली, टमाटर आदि) लगाउने गर्दछन। गाई, भैसी र बाख्रा यस क्षेत्रका मुख्य पशुधन हुन। कृषि तथा पशु विकासका हिसावले प्रचुर सम्भावना भएको यस गाउँपालिका मा प्रविधि प्रसारको अभाव, प्राविधिक जनशक्तिको कमी, सिंचित क्षेत्रको कमी, परम्परागत निर्वाहमुखी खेती पद्धति र कृषिमा व्यवसायिकरणको अभावका कारण कृषि क्षेत्रको विकासमा खासैप्रगति हनु सकि रहेको छैन। तसर्थ कृषि पेशालाई व्यवसायिक पेशामा रुपान्तरण गर्न जरुरी देखिन्छ। स्थानीय स्तरमा विभिन्न प्रकारका छरिएर रहेका स्रोत साधन, पुँजी र सीप भए पनि सोको उचित उपयोग हुन नसक्दा यस गाउँपालिका मा गरीवी उच्च प्रतिशत रहेको छ। यस गाउँपालिका मा सामाजिक र साँस्कृतिक बिभेदहरु प्रशस्त रहेका हुँदा विकासका थुप्रै चुनौतीहरु रहेका छन। यस गाउँपालिकामा गरिने विकासका प्रयासलाई लघु उद्यमको विकास गरि समावेशी र दिगो विकासका लागि लाग्नु पर्ने टड्कारो आवश्यकता देखा परेको छ ।

वि.स. २०७३ साल फागुन २७ गते नेपाल सरकारले स्थानिय तहहरुलाई नेपाल राजपत्रमा सुचना प्रकाशित भए बमोजिम स्थानिय तह निर्धारण तथा सिफारिस आयोगको २०७३ सालको सिफारिसका आधारमा नेपाल सरकारले देश भरी ७५३ र दार्चुला जिल्लामा ९ वटा स्थानिय तह घोषणा गर्दा लेकम गाउँपालिकालाई छ वटा वडामा विभाजन गरीएको थियो। साविकको रिठाचौपाता गाविसका सबैवडाहरु, खरकडा गाविसका सबै वडाहरु, सर्मोली गाविसका सबै वडाहरु र लाली गाविसका सबै वडाहरु मिलाई

वर्तमान लेकम गाउँपालिकाको निर्माण गरिएको हो।लेकम गाउँपालिका का साविकका गाउँ विकास समितिलाई नौ वडामा विभाजन गरीएको छ, जसलाई तलको तालिकामा प्रस्तुत गरीएको छ ।

| हालको वडा नं. | साविकको गा.वि.स.को नाम | साविकका वडाहरु |
|---|---|---|
| १ | सर्मोली | १-३, ७ र ९ |
| २ | सर्मोली, लाली | ४-६,८ र ५,७,८ |
| ३ | लाली | १-४, ६,९ |
| ४ | खरकडा | १-९ |
| ५ | रिठाचौपाता | २,३,८,९ |
| ६ | रिठाचौपाता | १,४-७ |

## २.२ गाउँपालिका को ऐतिहासीक चिनारी तथा नामाकरणः

बि.सं. २०७३ साल फागुन २७ गते नेपाल सरकारले स्थानीय तहहरुलाई नेपाल राजपत्रमा सूचना प्रकाशित भए बमोजिम स्थानीय तह निर्धारण तथा सिफारिस आयोगको २०७३ सालको सिफारिसका आधारणमा नेपाल सरकारले देशभरी ७५३ र दार्चुला जिल्लामा ९ वटा स्थानीय तह घोषणा गर्दा लेकम गाउँपालिका लाई ६ वटा वडामा बिभाजिन गरिएको थियो ।साविकको लेकम गाविसका सबैवडाहरु, रिठाचौपाता गाविसका सबै वडाहरु, सर्मोली गाविसका सबै वडाहरु, लाली गाविसका सबै वडाहरु र खरकडा गाविसका सबै वडाहरु मिलाई वर्तमान लेकम गाउँपालिकाको निर्माण गरिएको हो।

लेकम सुदूरपश्चिमकै एक महत्वपूर्ण धार्मिक क्षेत्र हो।भगवान शिवका अनेक स्वरुपहरु मध्ये मालिकार्जुन देवताको प्रवित्र भुमीका रुप यो भुमी चिनीएको छ ।लेकम क्षेत्र भगवान् शिवको पवित्र तपोभूमिको रुपमा रहेको छ।हिन्दुहरुको अटल विश्वासको आधार रहेका लेकमका पवित्र धार्मिक स्थलहरु मालिकार्जुन,लटिनाथ, हुनैनाथ आदि जस्ता प्रख्यात क्षेत्रहरु रहेकाछन।यहाँका पवित्र धार्मिक तथा पर्यटकीय स्थलहरुमा विभिन्न समयमा मेला तथा जात्राहरु लाग्ने गर्दछन।यस गाउँपालिका को सामाजिक रितिरिवाज र चाड पर्वमा वडा दशै, तिहार, चैते दशै, कृष्ण जन्माष्टमी, पायलको अनन्ते मेला, होली, पुतला, भुवा, मकर संक्रान्ति, चैते दशैं, साउने संक्रान्ति, लटिनाथ, हुनैनाथ, जात्रा, स्थानीय देवीदेवताहरुको पैठ लगायतका स्थानीय कला संस्कृतिहरु रहेका छन्।पोषाकका रुपमा यस गाउँपालिका का पुरुषहरुले दौरा, सुरुवाल, कोट, टोपी र महिलाहरुले गुन्यू, चोलो र घाँगर भेषभुषाका रुपमा लगाउने गरेपनि युवा वर्ग भने एक्काईशौं शताव्दीको आधुनिकता तर्फ आर्कषित भएको देखिन्छ।यसले गर्दा पुरानो कला संस्कृती र रितीरिवाजलाई दोश्रो पुस्ता सम्म हस्तान्तरण गर्न कठिनाई देखिएकोछ।

## २.३ भु-उपयोगको अवस्थाः

लेकम गाउँपालिकाको वनावट केही बेंसीहरुमा समतल भूभागबाट सुरु भई उत्तरमा महाभारत पर्वतश्रृंखलासम्म फैलिएको हुँदा यो धरातलिय स्वरुप पनि विविधतापूर्ण नै छ । यहाँको अधिकांश भूवनोट पहाडै पहाडले बनेको छ त्यसैले यहाँ जमिनको भिरालोपन वढदै जाँदा भू—क्षय र बाढी पहिरोको जोखिम रहेको छ। जमिन जतिसुकै भिरालो र खेतीपातीका लागि उर्वरक नभएपनि नेपालमा परम्परादेखि नै अभ्यास गर्दै आएको आधारमा यस जिल्लाको भू—भागलाई २ वटा वर्गमा विभाजन गरिएको पाइन्छ ।




(क) खेती गर्न सकिने जमिन

(ख) खेती गर्न नसकिने जमिन

प्रथम वर्गको जमिनमा खेतका गह्राहरु निर्माण गरी यहाँ खेतीपाती गरिन्छ। तुलनात्मक रुपमा कम भिरालो जमिन, नदी किनाराका फाँट र बेंसीहरु तथा उच्च समस्थलीहरुमा खेतीपाती लगायत कृषि कार्य संचालन गरिन्छ। यस गाउँपालिकामा भूउपयोगको विवरण तालिका २ मा प्रस्तुत गरिएको छ ।

**तालिकाः २ लेकम गाउँपालिकाको भू—उपयोग सम्बन्धी विवरण**

| क्र.स. | विवरण | क्षेत्रफल(वर्ग कि.मि) | प्रतिशत |
|---|---|---|---|
| १ | वनजंगल | ५१.३०६ | |
| २ | आवासीय क्षेत्र | ४.५०९ | |
| ३ | कृषि क्षेत्र | १७.७६१ | |
| ४ | खोला नालाको क्षेत्र | ३.०७ | |
| ५ | बाझो जमिन | ७.१२८ | |
| ६ | अन्य | ०.२०६ | |
| **जम्मा** | | ८३.९८ | |

***स्रोतः लेकम गाउँपालिकाकोGIS नक्सा***

माथिको तालिका बाट के प्रष्ट हुन्छ भने लेकम गाउँपालिकामा सबै भन्दा बढी क्षेत्र वन जंगल तथा वुट्यान क्षेत्रले ओगटेको पाइन्छ भने सबै भन्दा कम क्षेत्र वर्गिकृत नगरीएको क्षेत्रले ओगटेको छ । यदपी लेकम गाउँपालिकाको भु-उपयोग योजना तथा भुमी वर्गिकरण सम्बन्धि कार्य गर्न बाकी नै रहेकोले तथ्याङ्कमा केहि तलमाथी हुन सक्दछ । यस गाउँपालिकामा बहुसंख्यक जनता कृषि पेशामा आश्रित रहेको अवस्था छ तथापी यहां माटोको बारेमा कुनै ठोस रुपमा सुक्ष्म रुपमा संभाव्यता अध्ययन भएको पाईदैन।महाभारत पर्वत श्रृखंला भन्दा यहाँका उवर्रक बेंसीहरुमा उर्वराशक्ति बढी रहेको पाइन्छ।पहाडमा माटोको सतह साह्रै पातलो गरी मुख्य चट्टान माथि रहेको हुन्छ।यहाँको माटो खेतीपाती लगायत कृषि कार्यका लागि त्यति साह्रो उपयुक्त मानिदैन। यहाँ रहेका केही बेंसी तथा फाँटहरुमा चिम्टाइलो, पांगो तथा बलौटे माटो पाइने भएकोले यी फाँटहरुमा खेतीपाती र सागपात राम्ररी फस्टाउने गर्दछ।यस गाउँपालिकामा कृषियोग्य जमिन एकदम कम रहेको छ।त्यसमध्ये बाह्रैं महिना सिंचाईं हुने जमिनको अत्यन्तै न्यूनता रहेको  छ।माटोको वनावटका हिसावले यस गाउँपालिकालाई प्रमुख ३ भागमा बाँडन सकिन्छ।

(क) उच्च पहाडी क्षेत्रः उच्च पहाडी भू—भाग (महाभारत क्षेत्र) को माटोमा मसिना वालुवा, ढुङ्गा र फोस्रो रातो माटो पाईन्छ।खासगरी यसप्रकारको माटोमा सुन्तला, मौसम तथा अन्नमा मकै, मुला, फाँफर, कोदो आदि फस्टाएको पाइन्छ।

(ख) मध्यपहाडी क्षेत्रः यो क्षेत्र (मध्य पहाडी भू—भाग) मा ग्राभेल, वालुवा, फुस्रो, रातो, हल्का दोमट तथा अलि चिम्टाइलो किसिमको माटो पाइन्छ।यहाँ अदुवा, फाँपर, गहुँ, मकै, धान, निवुवा, कागती आदि उब्जाउ हुने गर्दछ ।

(ग) खोंच तथा बेंसी क्षेत्रः समथर भू—भागमा रहेको यस क्षेत्रमा चिम्टाइलो, बलौटे, दोमट लगायत सवैकिसिमको माटो पाइने हुनाले उर्वरा शक्ति राम्रो हुन्छ।यद्यपि योक्षेत्रको माटोमा हल्का अम्लिय तत्व पाइएको छ तापनि उर्वरा शक्तिमा त्यति असर परेको छैन।अधिकांश सिंचाईं सुविधा रहेको यस समथर क्षेत्रमा जमीनहरुको उत्पादन क्षमता ज्यादै राम्रो छ।यहाँका प्रमूख वाली धान, गहुँ तथा नगदे वालीमा तोरी, मसुरो, उखु, केरा, आँप, लिची, आलस आदि हनु ।

## २.४ गाउँपालिका को जनसंख्या सम्बन्धि विवरणः

वि.सं. २०७८ सालको जनगणना अनुसार लेकम गाउँपालिकाको कुल घरधुरी संख्या ३०३० रहेको छ । जनगणना २०७८ अनुसार लेकम गाउँपालिकाको कुल जनसंख्या १३७४३ छ । कुल जनसंख्या मध्ये महिला ७२१३ (५२.४८%) र पुरुष ६५३०(४७.५२%) रहेका छन्।वडागत रुपमा जनसंङ्ख्याको विश्लेषण गर्ने हो भने सबैभन्दा बढि जनसंख्या वडा नं. ४ मा (२६७८) रहेको छ ।त्यसैगरि सबैभन्दा कम जनसंख्या वडा नं. ६ मा (२१०३) मात्र रहेको छ । ६ वटै वडाको पुरुष र महिलाको जनसंख्या तुलना गर्ने हो भने पुरुष भन्दा महिलाको जनसंख्या बढि रहको छ ।तुलनात्मक विवरण वडागत रुपमा देहायको तालिकामा देखाइएको छ ।

**तालिका १. वडा अनुसार जनसंख्या विवरण**

| वडा नं | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| १ | १०९२ | १२५० | २३४२ |
| २ | १११६ | ११८९ | २३०५ |
| ३ | ८७८ | ८९७ | १७७५ |
| ४ | १२७६ | १४०२ | २६७८ |
| ५ | १२३८ | १३०२ | २५४० |
| ६ | ९३० | ११७३ | २१०३ |
| कुल जम्मा | ६५३० | ७२१३ | १३७४३ |

*स्रोत: राष्ट्रिय जनगणना २०७८*

## २.५ गाउँपालिका को भौगोलिक सिमाना:

यस गाउँपालिकाको क्षेत्रफल ८३.९८ वर्ग कि.मि. रहेको छ |यो गाउँपालिका अक्षांस २९° ६७' उत्तरी अक्षांस र देशान्तर ८०° ६७' पुर्वी देशान्तरमा अवस्थित छ।यस गाउँपालिकाको पूर्वमा शैल्यशिखर नगरपालिका र चौलानी नदि, पश्चिममा महाकाली नदि र मालिकार्जुन गाउँपालिका, उत्तरमा मालिकार्जुन र शैल्यशिखर नगरपालिका र दक्षिणमा बैतडी जिल्लाको चौलानी नदिको भूभाग अवस्थित छ । यस क्षेत्रको हावापानी उष्ण देखि समशीतोष्ण सम्म प्रकारको रहेको छ ।

# परिच्छेद — ३ क्षमता विकास योजना

## ३.१ क्षमता विकास योजनाको परीचय:

लेकम गाउँपालिकाले क्षमता विकास योजना (आ.व. (२०८२/८३–२०८४/८५) तयार पारिएको छ।यस गाउँपालिकाले ३ वर्षे क्षमता विकास योजना तर्जुमा गरी कार्यान्वयन गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४, अन्तर–सरकारी वित्त व्यवस्थापन ऐन, २०७४, राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन २०७४ र स्थानीय सरकारको संस्थागत स्वमुल्याङ्कन कार्ययोजनाबाट गाउँपालिका लाई प्राप्त जिम्मेवारीहरू पूरा गर्न आवश्यक पर्ने क्षमता विकासका लागि यो दस्तावेजले मार्गदर्शन गर्नेछ । यो योजना सहभागितामूलक ढङ्गबाट तयार पारिएको छ।

## ३.२ क्षमता विकास कार्यक्रमका उदेश्यहरु:

यस गाउँपालिकाको क्षमता विकास योजना तर्जुमा गर्नुको मुख्य उदेश्य गाउँपालिका र सहयोगी सरोकारवालाको संस्थागत तथा मानव संशाधन क्षमता अभिबृद्धि गरि विकास व्यवस्थापन तथा सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, गुणस्तरीय र पारदर्शी र जवाफदेही बनाउनु रहेको छ भने यसका विशिष्ट उद्देश्यहरु निम्नानुसार रहेका छन्:

- स्थानीय तहमा कार्यरत कर्मचारी तथा पदाधिकारीहरुको समग्र क्षमता अभिवृद्धिका लागि विस्तृत कार्ययोजना तयार भै कार्यान्वयनका लागि ठोस नीति तय हुने ।
- स्थानीय तहको समग्र संस्थागत क्षमता विकासका लागि SWOT विश्लेषण भइ प्रभावकारी सेवा प्रवाहका लागि आवश्यक सुधारका क्षेत्रहरको पहिचान भइ ठोस कार्य योजना तयार हुने
- गाउँपालिकाको क्षमता विकास योजना तर्जुमा भई सोको कार्यान्वयनबाट गाउँपालिका तथा सहयोगी निकायहरुको कार्यसम्पादन स्तरमा सुधार गर्ने,
- क्षमता विकास योजना कार्यान्वयनका लागि आवश्यक स्रोत तथा साधनहरुको एकीन भई सोको परिपूर्तिका लागि सरोकारवालहरुलाई मार्ग दर्शन गर्ने,
- स्थानीय विकास प्रक्रिया, सेवा एवं सुविधामा अल्पसंख्यक तथा सीमान्तीकृत समुदाय र पिछडिएको तथा आर्थिक रुपले विपन्न वर्गको पहुँच वृद्धि गर्न सहयोग गर्ने ।

## ३.३ संघ, प्रदेश र गाउँपालिका को क्षमता विकास योजनाहरुको अन्तरसम्बन्ध

नेपालका संघ, प्रदेश र स्थानिय तहको समन्वयात्मक सहकार्य वाट मात्रै समग्र विकास सम्भव छ। नेपालको संविधानले उल्लेख गरेको तिनै तहका सरकारको शासन प्रणली समन्वयात्मक र सुदृढ भएमा मात्रै विकास को नतिजा र प्रतिफल प्रभावकारी हुन्छ ।यसरी तिनै तहका सरकारका विच विकास निर्माण, निति तथा कानुन निर्मण र योजना निर्माणमा तादाम्यता हुन जरुरी छ।नेपालको संविधानले स्थानिय तहहरुले आफ्नो कानुन, निति र योजना निर्माण गर्दा संघ र प्रदेश सरकार संग नवाझिने गरी निर्माण गर्न अनुसुचीहरुमा एकल अधिकार र साझा अधिकारको व्यवस्था गरेको छ।यो क्षमता विकास योजना पनि त्यहि मर्मलाइ आत्मसात गरी तयार गरिएको छ।

## ३.४ योजना तर्जुमाको चरण र प्रक्रिया

क्षमता विकास योजना निर्माण को विषय महत्वपुर्ण विषय हो । त्यसैले यसको तयारी पनि विभिन्न चरण पुरा गर्नु पर्छ । यो योजना तयारीका क्रममा देहाय वमोजिमको चरण र चक्र अपनाइएको थियो । क्षमता विकास योजना तयारी चक्र ।

क्षमता विकासका तीन आयाम:




## ३.५क्षमता विकास निर्देशक समिति

क्षमता विकास योजना तयारी दिग्दर्शन २०७६ ले निर्दिष्ट गरेका जिम्मेवारीहरुका क्षमता विकास समन्वय समिति गठन गरिएको थियो।सो समितिको नामावली निम्न अनुसार छ ।गाउँपालिका ले आवश्यकता अनुसार समितिको पुर्नगठन गर्ने छ।

| क्र स | पद | समितिको पद |
|---|---|---|
| १. | गाउँपालिका अध्यक्ष | संयोजक |
| २. | गाउँपालिका उपाध्यक्ष | सदस्य |
| ३. | आर्थिक विकास समिति संयोजक | सदस्य |
| ४. | सामाजिक विकास समिति संयोजक | सदस्य |
| ५. | प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव |

## ३.६ वर्तमान क्षमताको लेखाजोखा/ विश्लेषण

लेकम गाउँपालिकाको सम्भाव्यता र अवसर र चुनौतीलाइ विश्लेषण गर्दा यस लेकम गाउँपालिका को विभिन्न क्षेत्रमा हेर्दा कृषि पेशा अंगाल्ने घर परिवारको संख्या उच्च रहेको छ ।गाउँपालिकामा रहेको खेती योग्य जमिनमा खाद्यान्नको साथै अन्य नगदे बाली, फलफुल, मसला तथा जडीबुटी र पशुजन्य उत्पादन वृद्धि गर्न सकिने प्रशस्त सम्भावनाहरू रहेको छ।आवश्यक प्रविधि, मल, बीउ बिजनको उपलब्धतामा सरलीकरण गरेर कृषि तथा पशुजन्य उत्पादनमा वृद्धि ल्याई आर्थिक स्थितिमा सुधार ल्याउन सकिने

प्रशस्त सम्भावनाहरू रहेको छ। गाउँपालिकाको ग्रामीण क्षेत्रमा दुग्ध उत्पादन तथा पशुपञ्छी उत्पादनको प्रशस्त सम्भावना रहेको हुँदा यो व्यवसायलाई विस्तार गर्नुको साथै यातायात सेवालाई सर्वसुलभ तरिकाले कृषकहरुको पहुँचसम्म विस्तार गर्न सकेको खण्डमा दुग्धजन्य, मासुजन्य उद्योगहरुको विकास गर्न सकिनेछ। जसबाट रोजगारी श्रृजना गरी समग्र गाउँपालिकाको आयमा वृद्धि गर्न सकिने प्रशस्त सम्भावना देखिन्छ। यस गाउँपालिकामा भएका प्राकृतिक श्रोत र साधनलाई व्यवस्थित तथा वातावरणमैत्री प्रविधि अपनाएर उचित प्रयोग गर्न सकेमा रोजगारीको स्थिति श्रृजना गर्न सकिन्छ ।

## ३.७ लेकम  गाउँपालिका को संस्थागत क्षमता विकास लेखाजोखा

यस क्षमता विकास योजना निर्माण गर्दा क्षमता "विकास योजना तर्जुमा दिग्दर्शन २०७६" को अनुसूचि २ को फाराम को आधारमा लेकम  गाउँपालिका को ५ वटै विषयगत क्षेत्रको संस्थागत क्षमता (सञ्चालन व्यवस्थापन) लेखाजोखा गरिएको थियो। यस पालिकाको आफ्नै सुविधा सम्पन्न प्रशासकीय भवन रहेको छ। गाउँपालिका को आफ्नै सभाहल रहेको छ भने ६ वडा कार्यलयहरुले आफ्नै भवन वाट सेवा दिइरहेका छन। त्यसैगरी प्रदेश स्तरिय केही कार्यालयहरु पनि व्यवस्थित हुदैछन। गाउँपालिका ले स्वास्थ्यको क्षेत्रमा स्वास्थ्य चौकी विभिन्न ठाउँमा रहेका छन त्यस्तै १० सैयाको अस्पताल निर्माणाधिन अवस्थामा रहेको छ। अव गाउँपालिकाले गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहमा ध्यान दिन जरुरी छ। गाउँपालिकाले गाउँ शिक्षा योजना निर्माण गरि कार्यान्वयनमा ल्याएको छ भने अव यसलाइ अध्यावधिक गर्ने र अरु क्षेत्रगत योजना निर्माण गर्न जरुरी छ। यसै गरि  गाउँपालिकाले रोजगार सृजना गर्ने योजना निर्माण गरि कार्यान्वयन गर्न आवस्यक छ। लक्षित वर्गको सशक्तिकरणका लागी विभिन्न आर्थिक वर्षमा कार्यक्रम सञ्चालन आएता पनि अझै पर्याप्त हुन सकेको छैन। यसका लागी अझै पर्याप्त कानुन वनाउन आवश्यक छ। गाउँपालिका ले वातावरण, विपद व्यवस्थापन र जलवायु परिवर्तनका लागी कार्य गरिरहेको भएतापनि योजना निर्माण गरी योजनावद्ध ढंगले पुर्व तयारीका कार्य भने कमै भएको पाइन्छ। गाउँपालिका को वार्षिक योजना तर्जुमा प्रक्रिया चरणवद्ध रुपमा भएपनि योजना प्राथमिकिकरण भने वैज्ञानीक विधिको प्रयोग गरी गर्ने गरेको कमै मात्र पाउन सकिन्छ । गाउँपालिकाले दिगो विकासका लक्ष्यहरुलाइ स्थानीयीकरण गरि दिगो विकासको लक्ष्य हासील हुनेगरी योजना तर्जुमाको परिपाटी विकास गर्न जरुरी छ। लेकम गाउँपालिकाले उपभोक्ता समिति हरुको क्षमता विकास गर्न पनि आवस्यक देखिन्छ। त्यसैगरी दिगो वातावरणीय विकासमा ध्यान दिइ फोहरमैलाको उचित व्यवस्थापन र डम्पिङसाइट को निर्माण गर्न जरुरी छ। गाउँपालिकाले राजस्वको क्षेत्र र दायरा विस्तार गरि आन्तरिक आय वृद्धि गर्नुपर्ने देखिन्छ। यसका अतिरिक्त अनुगमन प्रणाली लाइ नतिजामुखि र संघ,प्रदेश र अन्तरपालिका संगको सहकार्य र समन्वय विस्तार गर्न पनि आवश्यक छ।

गाउँपालिकाले संगठन संरचना अनुसारको कर्मचारीको व्यवस्था तथा शाखाहरुमा आवश्यक कर्मचारीहरुको प्रवन्ध गर्न जरुरी छ। त्यसैगरी कर्मचारकिो आचारसहिता र कार्यसम्पादन संझौता अनुसार सेवा प्रवाहको परिपाटी विकास गर्न पनि आवश्यक छ। गाउँपालिकाले वित्तिय व्यवस्थापनका लागी आम्दानी र खर्च

प्रणाली लाइ व्यवस्थित गरि वित्तिय सन्तुलन कायम र खरिद प्रणालिलाइ योजना निर्माण गरि व्यवस्थित गर्न आवस्यक देखिन्छ। त्यसैगरि अभिलेख व्यवस्थापन प्रणालीलाइ थप प्रभावकारी वनाउनु पर्ने देखिन्छ। स्थानीय सरकारको संस्थागत क्षमता (नेतृत्व तह) लेखाजोखा फाराम ३ को आधारमा लेखाजोखा गर्दा यस गाउँपालिकामा सभा सञ्चालन र कार्यपालिका वैठक सञ्चलन कार्यविधि अनुरुप भएतापनि सभा संचालनका लागि आवश्यक, विधि, र प्रक्रियालाइ अझै सुदृढ गर्नुपर्ने देखिन्छ। गाउँपालिकाले न्यायीक समितिका पदाधिकारी र कर्मचारीलाई क्षमता अभिवृद्धि, कानुनी जनशक्ति थप तथा व्यवस्थापन गर्नु आवश्यक रहेको छ । विषयगत समिति तथा पदाधिकारीहरुको क्षमता विकास, समितिको क्षेत्राधिकार वारे क्षमता विकास वडा कार्यालयमा आवश्यक स्रोत र साधनको व्यवस्था गरि सेवा प्रवाहलाइ भरपर्दो र थप गुणस्तरिय वनाउनु पर्दछ । गाउँपालिकामा गुनासो सुन्ने संयन्त्र निर्माण तथा व्यवस्थित गर्ने र गुनासो सुन्ने अधिकारी तोक्ने कार्यलाइ अझै प्रभावकारी वनाउन जरुरी छ। दिग्दर्शन को अनुसुची ५ को आपूर्तिमा आधारित क्षमता विकास आवश्यकता पहिचानका लागि प्रयोगमा ल्याउने फारामको आधारमा गाउँपालिका को लेखाजोखा गर्दा संविधानको अनुसुची ८ ले दिएको एकल अधिकार को क्षेत्र अन्तरगत प्रायजसो सवै अधिकार को उपयोग भएको देखिन्छ। यस अन्तरगतका अधिकांस अधिकारहरुको पुर्ण उपयोग र जनशक्ति भएको पाइएको छ। तर स्थानीय सेवा व्यवस्थापन, स्थानीय तथ्यांक र अभिलेख व्यवस्थापन, स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता, जग्गाधनी दर्ता प्रमाणपुर्जा वितरण, कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरूको व्यवस्थापन कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण खानेपानी, साना जलविद्युत् आयोजना, वैकल्पिक ऊर्जा, जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास को क्षेत्रमा आंशिक उपयोग जनशक्ति कम भएको देखिन्छ। संविधानको अनुसुची ९ अनुसारको साझा अधिकार अन्तरगत अरु सवै अधिकारको उपयोग भएतापनि सवारी साधन अनुमति ,भूमि व्यवस्थापन र यातायात सेवाको क्षेत्रमा उपयोग र जनशक्ति नभएको देखिन्छ भने विद्युत्, खानेपानी तथा सिंचाइ जस्ता सेवाहरू, वन, जंगल, वन्यजन्तु, चराचुरूङ्गी, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता, स्थानीय स्तरमा पुरातत्व, प्राचीन स्मारक र संग्रहालय संरक्षण, सम्वर्द्धन र पुनर्निमार्ण सम्वन्धमा आंशिक उपयोग भएको र जनशक्ति नभएको देखिन्छ। ऐन, नियम, विधि र प्रणालीको स्थापनाको अवस्थाको लेखाजोखा गर्दा संघिय मामिला तथा स्थानिय मन्त्रालयले पठाएको नमुना कानून अनुसार एकल अधिकार क्षेत्रका स्थानिय तथ्यांक र अभिलेख व्यवस्थापन कार्यविधि व्यवसाय कर सम्बन्धी कार्यविधि, घरवहाल कर व्यवस्थापन, आधारभूत स्वास्थ्य र सरसफाइ,स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक र सिंचाइ, भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास र साझा अधिकार क्षेत्रका सामाजिक सुरक्षा र गरीबी निवारण, कार्यविभाजन र कार्य सम्पादन अन्तरगत स्थानीय सरकारको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, भवन निर्माण तथा सडक सम्बन्धी व्यवस्था र आकस्मिक कोष वाहेक अरु कानुन वनेका छन। यी विषय संग सम्बन्धित ऐन, कानून तथा कार्यविधि तयार गरि लागु गर्नुपर्ने देखिन्छ।

कर्मचारी तथा पूर्वाधार अवस्थाको विश्लेषण गर्दा गाउँपालिकाको आफ्नै भवन, सभाहल, विद्यालयहरु तथा स्वास्थ्य केन्द्रहरु रहेका छन ।

## ३.८ लेकम  गाउँपालिका को वर्तमान सांगठनिक अवस्था

लेकम गाउँपालिका को वर्तमान अवस्थाको अध्ययन गर्ने सन्दर्भमा यसको विद्यमान साङ्गठनिक संरचनाको समेत विश्लेषण गरिएको थियो। गाउँपालिका लाई प्रचलित कानुनले तोकेको कार्य जिम्मेवारी पुरा गर्न तथा हासिल गर्न खोजेका दीर्घकालीन लक्ष्यहरू एवम् यसबाट  गाउँपालिका  बासीहरूले राखेका अपेक्षाहरू पूरा गर्न सक्ने गर्न गराउँनका लागी  गाउँपालिका को साङ्गठनिक सुदृढीकरण सम्बन्धी सुधारात्मक क्रियाकलापहरूको पहिचान गरीएको थियो। क्षमता विकास योजना तयार गर्दा यसको विद्यमान सङ्गठन स्वरूप, दरबन्दी, कार्यबोझ, जनशक्ति विकासको अवस्था र आन्तरिक स्रोत परिचालनको अवस्थालाई सहभागितात्मक पद्धतिबाट पुनरावलोकन गरिएको थियो। यसका लागि कार्यशालाका सहभागिहरू तथा कार्यालयले उपलब्ध गराएको सूचनालाई मुख्य आधारको रूपमा लिइएको छ ।

## ३.९ संगठन स्वरुप

सङ्गठन संरचनाकै आधारमा कर्मचारीहरू परिचालन हुने र कर्मचारीहरू मार्फत नै सङ्गठनले सेवा प्रवाह गर्ने हुँदा  गाउँपालिका को साङ्गठनिक क्रियाकलापहरूलाई दिशा निर्देशन गर्न यसको सङ्गठन संरचनाले निकै महत्वपर्ण भूमिका खेलेको हुन्छ। लेकम  गाउँपालिका ले आफ्ना क्रियाकलापहरूलाई व्यवस्थित गर्न तथा गुणस्तरिय सेवा प्रवाह का लागी सङ्गठन स्वरूप स्वीकृत गरी सेवा संचालन गर्दै आएको छ। गाउँपालिका को सङ्गठन संरचनामा समयानुकूल सुधार र परिमार्जन गर्दै आइरहेको छ। गाउँपालिका मा सङ्गठन भित्रका प्रत्येक शाखा, उपशाखा तथा इकाईहरूको स्पष्ट कार्य विवरण तयार गरी लागू गर्नु पर्ने देखिन्छ। गाउँपालिका को विद्यमान सङ्गठन स्वरूपलाई यस प्रकार छ।

**गाउँपालिकाका कार्यपालिका तथा गाउँ सभा सदस्यहरुको विवरण:**

| क्र.स. | नाम, थर | पद |
|---|---|---|
| १ | राम दत्त जोशी | गा.पा. अध्यक्ष |
| २ | माधवी जोशी | गा.पा. उपाध्यक्ष |
| ३ | नवराज पन्त | वडा अध्यक्ष १ |
| ४ | शिव राज जोशी | वडा अध्यक्ष २ |
| ५ | सुरेश सिंह थापा | वडा अध्यक्ष ३ |
| ६ | महेन्द्र राज जोशी | वडा अध्यक्ष ४ |
| ७ | बलदेव सिंह बोहरा | वडा अध्यक्ष ५ |
| ८ | हरि बहादुर साउद | वडा अध्यक्ष ६ |
| ९ | पार्वती विष्ट | का.पा. सदस्य |
| १० | लीला कुमारी नाथ | का.पा. सदस्य |
| ११ | सम्झना धमला बोहरा | का.पा. सदस्य |

| क्र.स. | नाम, थर | पद |
|---|---|---|
| १२ | मानमती मिश्र | का.पा. सदस्य |
| १३ | गीता सार्की | का.पा. सदस्य |
| १४ | गजिराम भुल | का.पा. सदस्य |
| १५ | दिपेन्द्र सिंह बोहरा | गा.पा. सदस्य |
| १६ | माधव सिंह साउद | गा.पा. सदस्य |
| १७ | वसन्ती लावड | गा.पा. सदस्य |
| १८ | विरेन्द्र सिंह कार्की | गा.पा. सदस्य |
| १९ | हरिदत्त भट्ट | गा.पा. सदस्य |
| २० | द्रोपती भट्ट | गा.पा. सदस्य |
| २१ | सरस्वती सार्की | गा.पा. सदस्य |
| २२ | हरिदत्त जोशी | गा.पा. सदस्य |
| २३ | प्रकाश दत्त पन्त | गा.पा. सदस्य |
| २४ | दुरा पार्की | गा.पा. सदस्य |
| २५ | मानमती देवी सार्की | गा.पा. सदस्य |
| २६ | केशव गिरी | गा.पा. सदस्य |
| २७ | गणेश दत्त पन्त | गा.पा. सदस्य |
| २८ | पार्वती पार्की | गा.पा. सदस्य |
| २९ | रेवाधर जोशी | गा.पा. सदस्य |
| ३० | शंकर दत्त जोशी | गा.पा. सदस्य |
| ३१ | कौशिला लुहार | गा.पा. सदस्य |
| ३२ | चन्चल सिंह खत्री | गा.पा. सदस्य |
| ३३ | हरिनन्दन नाथ | गा.पा. सदस्य |
| ३४ | कलावती कामी | गा.पा. सदस्य |

## ३.१० जनशक्ति विवरण

लेकम गाउँपालिका को कर्मचारी दरबन्दी सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट गरिएको संगठन तथा व्यवस्थापन सर्वेक्षण अनुरुप हरेक वर्ष गाउँ सभाबाट स्वीकृत गराउनु पर्ने कानूनी प्रावधान अनुरुप यस गाउँपालिका को विद्यमान कर्मचारी दरबन्दी निम्नानुसार रहको छ ।

| क्र.सं. | पद | तह | सेवा | समुह | प्रस्तावित दरबन्दी |
|---|---|---|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिकृत | ८ | प्रशासन | सा.प्र. | १ |
| २ | इन्नजिनियर | ७/८ | इन्जि. | सिभिल | १ |
| ३ | अधिकृत | ७/८ | शिक्षा | शिक्षा प्रशासन | १ |
| ४ | अधिकृत | ७/८ | प्रशासन | लेखा | १ |
| ५ | अधिकृत | ६ | प्रशासन | सा.प्र | २ |
| ६ | आन्तरिक लेखापरीक्षक | ५ | प्रशासन | सा.प्र. | १ |

| क्र.सं. | पद | तह | सेवा | समुह | प्रस्तावित दरबन्दी |
|---|---|---|---|---|---|
| ७ | सहायक पाँचौ | ५ | प्रशासन | सा.प्र. | ४ |
| ८ | कम्पुटर अपरेटर | ५ | विविध | - | १ |
| ९ | लेखा सहायक | ५ | प्रशासन | लेखा | १ |
| १० | प्रा.स. | ५ | शिक्षा | शि.प्र. | १ |
| ११ | हे.अ. | ५/६ | स्वास्थ्य | हे.ई | १ |
| १२ | सब-इन्जिनियर | ५ | इन्जि. | सिभिल | १ |
| १३ | अ.सब-इन्जिनियर | ४ | इन्जि. | सिभिल | १ |
| १४ | स.महिला विकास निरिक्षक | ४ | विविध | | १ |
| १५ | खा.पा.से.टे. | ४/५ | इन्जि. | सिभिल | १ |
| **कार्यालय तर्फ जम्मा** | | | | | १९ |
| | | **वडा कार्यालय ६ वटा** | | | |
| १ | सहायक | ५ | प्रशासन | सा.प्र. | २ |
| २ | सब-इन्जिनियर | ५ | इन्जि. | सिभिल | २ |
| ३ | सहायक | ४ | प्रशासन | सा.प्र. | ४ |
| ४ | अ.सब.इन्जिनियर | ४ | इन्जि. | सिभिल | ४ |
| **वडा कार्यालय तर्फ जम्मा** | | | | | **१२** |
| **कुल जम्मा** | | | | | **३१** |

*स्रोतः संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय*

## लेकम गाउँपालिका अन्तर्गत हाल कार्यरत रहेका स्थायी कर्मचारीको विवरण

| क्र.स. | कर्मचारीको नाम, थर | तह/श्रेणी | सेवा | समुह/उप समुह | सम्पर्क नम्बर |
|---|---|---|---|---|---|
| १. | थानेश्वर बोकटी | छैठौ | कृषि | भेटेरीनरी | |
| २. | चुडामणी अवस्थी | पाचौ | शिक्षा | प्रशासन | |
| ३. | मनोज सिंह धामी | पाचौ | प्रशासन | लेखा | |
| ४. | ललित चौधरी | पाचौ | विविध | प्राविधिक | |
| ५. | कोमल सिंह खत्री | पाचौ | प्रशासन | लेखा | |
| ६. | अभैराज अवस्थी | पाचौ | प्रशासन | सा. प्रशासन | |
| ७. | दिलेन्द्र प्रसाद पन्त | पाचौ | प्रशासन | सा. प्रशासन | |
| ८. | इश्वर प्रसाद पन्त | पाचौ | प्रशासन | सा. प्रशासन | |
| ९. | नारायण दत्त भट्ट | छैठौ | प्रशासन | सा. प्रशासन | |
| १०. | शेखर चन्द्र ओझा | छैठौ | प्रशासन | सा. प्रशासन | |
| ११. | केशब बहादुर पाल | छैठौ | ईनिजिनियरिङ | सिभिल | |
| १२. | ममता विष्ट | छैठौ | प्रशासन | लेखा | |
| १३. | देव गिरी | चौथौ | प्रशासन | सा. प्रशासन | |
| १४. | महेश जोशी | चौथौ | प्रशासन | सा. प्रशासन | |

| क्र.स. | कर्मचारीको नाम, थर | तह/श्रेणी | सेवा | समुह/उप समुह | सम्पर्क नम्बर |
|---|---|---|---|---|---|
| १५. | अशोक पन्त | चौथौ | कृषि | भेटेरीनरी | |
| १६. | दिपक सिंह धामी | चौथौ | ईनिजिनियरिङ | सिभिल | |
| १७. | कमलापती पन्त | चौथौ | ईनिजिनियरिङ | सिभिल | |
| १८. | लिलाधर भट्ट | चौथौ | ईनिजिनियरिङ | सिभिल | |
| १९. | लोक राज जोशी | चौथौ | ईनिजिनियरिङ | सिभिल | |
| २०. | दामोदर जोशी | छैठौ | स्वास्थ्य | हे.ई | |
| २१. | दिपक प्रसाद पन्त | छैठौ | स्वास्थ्य | हे.ई | |
| २२. | धर्मेन्द्र कुमार पन्त | छैठौ | स्वास्थ्य | हे.ई | |
| २३. | रमेश प्रसाद जोशी | छैठौ | स्वास्थ्य | हे.ई | |
| २४. | अम्बा दत्त जोशी | छैठौ | स्वास्थ्य | हे.ई | |
| २५. | सिता कु. गुरुङ | छैठौ | स्वास्थ्य | क.न. | |
| २६. | हर्क बहादुर पाल | छैठौ | स्वास्थ्य | हे.ई | |
| २७. | राजेन्द्र प्रसाद विष्ट | पाचौ | स्वास्थ्य | हे.ई | |
| २८. | जयन्ती जोशी | पाचौ | स्वास्थ्य | कम्नीटी | |
| २९. | ज्योती देवी बगाल | पाचौ | स्वास्थ्य | प.हे.न. | |
| ३०. | लक्ष्मी भट्ट | पाचौ | स्वास्थ्य | प.हे.न. | |
| ३१. | कु.निर्मला खड्का | पाचौ | स्वास्थ्य | क.न. | |
| ३२. | विपिन कुमार जोशी | पाचौ | स्वास्थ्य | हे.ई | |
| ३३. | शिव राम सार्की | पाचौ | स्वास्थ्य | हे.ई | |
| ३४. | अनिरुद्र मिश्र | पाचौ | स्वास्थ्य | हे.ई | |
| ३५. | सरस्वती कु.भट्ट | चौथौ | स्वास्थ्य | प.हे.न. | |
| ३६. | गणेश दत्त भट्ट | चौथौ | स्वास्थ्य | हे.ई | |
| ३७. | कविता पोख्रेल | चौथौ | स्वास्थ्य | प.हे.न. | |
| ३८. | प्रेम पल्लभ जोशी | का.स. | प्रशासन | श्रेणी विहिन | |
| ३९. | लक्ष्मी थापा | स.ई | ईनिजिनियरिङ | | |

*स्रोतः लेकम गाउँपालिका*

### लेकम गाउँपालिका अन्तर्गत कार्यरत रहेका स्वास्थ्य सेवाका कर्मचारीहरू

| क्र.स. | नाम थर | पद | स्वास्थ्य सस्थाको नाम | कैफियत |
|---|---|---|---|---|
| १. | अम्बा दत्त जोशी | जनस्वास्थ्य निरीक्षक | लेकम गाउँपालिका | |

लेकम गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय शितामाटा दार्चुला सुदूरपश्चिम प्रदेश, नेपाल

Hunainath Consulting Pvt. Ltd. Estd: 2079 Kathmandu

| क्र.सं. | नाम थर | पद | स्वास्थ्य सस्थाको नाम | कैफियत |
|---|---|---|---|---|
| २. | दामोदर जोशी | सि.अ.हे.व. | आधारभुत स्वास्थ्य सेवा केन्द्र बडीपुर | |
| ३. | सिता कुमारी गुरुङ् | सि.अ.न.मी. | लेकम गाउँपालिका | |
| ४. | हर्क बहादुर पाल | सि.अ.हे.व | खरकडा स्वास्थ्य चौकी | |
| ५. | धर्मेन्द्र कुमार पन्त | जनस्वास्थ्य निरीक्षक | लाली स्वास्थ्य चौकी | |
| ६. | दिपक प्रसाद पन्त | जनस्वास्थ्य निरीक्षक | सर्मोली स्वास्थ्य चौकी | |
| ७. | वीरेन्द्र भण्डारी | जनस्वास्थ्य निरीक्षक | लाली स्वास्थ्य चौकी | |
| ८. | रमेश प्रसाद जोशी | जनस्वास्थ्य निरीक्षक | लेकम गाउँपालिका | |
| ९. | राजेन्द्र प्रसाद विष्ट | सि.अ.हे.व | रिठाचौपाता स्वास्थ्य चौकी | |
| १०. | जयन्ती जोशी | सि.अ.न.मी. | लाली स्वास्थ्य चौकी | |
| ११. | लक्ष्मी भट्ट | सि.अ.न.मी | सर्मोली स्वास्थ्य चौकी | |
| १२. | ज्योती बगाल | सि.अ.न.मी | खरकडा स्वास्थ्य चौकी | |
| १३. | गणेश दत्त भट्ट | सि.अ.हे.व | सर्मोली स्वास्थ्य चौकी | |
| १४. | शिव राम  सार्की | सि.अ.हे.व | लाली स्वास्थ्य चौकी | |
| १५. | अनिरुद्र मिश्र | सि.अ.हे.व | रिठाचौपाता स्वास्थ्य चौकी | |
| १६. | विपीन कुमार जोशी | सि.अ.हे.व | खरकडा स्वास्थ्य चौकी | |
| १७. | कविता पोख्रेल | अ.न.मी. | सर्मोली स्वास्थ्य चौकी | |
| १८. | सरस्वती कुमारी भट्ट | अ.न.मी. | खरकडा स्वास्थ्य चौकी | |
| १९. | पुरुषोत्तम जोशी | हे.अ | आधारभुत स्वास्थ्य सेवा केन्द्र तेलिगाउँ | |
| २०. | सुनिता जोशी | ल्या.टे | खरकडा स्वास्थ्य चौकी | |
| २१. | कु. माधवी ओझा | अ.न.मी. | खरकडा स्वास्थ्य चौकी | |
| २२. | कु.मन्जु धामी खत्री | अ.न.मी. | रिठाचौपाता स्वास्थ्य चौकी | |
| २३. | कल्पना भट्ट | ल्या.अ | सर्मोली स्वास्थ्य चौकी | |
| २४. | जयन्ती गिरी नाथ | अ.न.मी. | आधारभुत स्वास्थ्य सेवा केन्द्र तेलिगाउँ | |
| २५. | जानकी मारकण्ड | अ.न.मी. | लाली स्वास्थ्य चौकी | |
| २६. | गोमति जोशी | अ.न.मी. | लाली स्वास्थ्य चौकी | |
| २७. | सरस्वती मिश्र | अ.न.मी. | रिठाचौपाता स्वास्थ्य चौकी | |
| २८. | बसन्ती धामी | अ.न.मी. | आधारभुत स्वास्थ्य सेवा केन्द्र बडीपुर | |
| २९. | बिमला भट्ट | अ.न.मी. | सर्मोली स्वास्थ्य चौकी | |
| ३०. | भास्कर दत्त अवस्थी | ल्या.अ | रिठाचौपाता स्वास्थ्य चौकी | |
| ३१. | विनिता वोहरा | अ.न.मी. | सामुदायिक स्वास्थ्य इकाइ पिडअम्कुर | |
| ३२. | श्याम राज भट्ट | अ.हे.व | सामुदायिक स्वास्थ्य इकाइ कुस्काँडा | |

| क्र.सं. | नाम थर | पद | स्वास्थ्य सस्थाको नाम | कैफियत |
|---|---|---|---|---|
| ३३. | सुरेन्द्र प्रसाद जोशी | अ.हे.व | आधारभुत स्वास्थ्य सेवा केन्द्र बडीपुर | |
| ३४. | नबिन प्रशाद भट्ट | अ.हे.व | सामुदायिक स्वास्थ्य इकाइ पिडअम्कुर | |
| ३५. | साविति्र देवी पन्त | अ.न.मी. | सामुदायिक स्वास्थ्य इकाइ कुस्काँडा | |
| ३६. | हिमा देवी जोशी | ल्या.अ | लाली स्वास्थ्य चौकी | |
| ३७. | पुष्कर राम पार्की | का.स | लेकम गाउँपालिका | |
| ३८. | कृष्ण सिह धामी | का.स | सर्मोली स्वास्थ्य चौकी | |
| ३९. | तारा नाथ | का.स | आधारभुत स्वास्थ्य सेवा केन्द्र तेलिगाउँ | |
